सभाको अध्यक्ष चुनिनुभएकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले—

कुलशेखर शर्मा, सेक्रेटरी—सल्लाहकारसभा.

सल्लाहकार सभा सचिवालयको सूचना नं. २

सल्लाहकार सभाको आषाढ ३, २०११ को बैठकमा, श्री गुलाबनारायण झा, सल्लाहकार सभाको कार्यसंचालन तथा कार्यविधिको नियम ७ अनुसार सल्लाहकार सभाको उपाध्यक्ष चुनिनुभएकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले—

कुलशेखर शर्मा, सेक्रेटरी—सल्लाहकारसभा.

कानूनमन्त्रालयको सूचना

भूल-सुधार

२०११।८।१।३

गत कार्तिक ३० गते नेपाल गजेटमा प्रकाशित भएको नेपाल अन्तरीम शासन विधानको दफा ५५ को पहिलो पंक्तिमा—

"सल्लाहकार सभाको कुनै सदस्यले पनि दफा ५३ मा" भन्ने हुनुपर्नेमा भूलले "सल्लाहकार सभाको कुनै सदस्यले पनि दफा ३६ मा" भन्ने र अनुसूची १.(१) को भन्त्रीको निमित्त शपथको बेहोरासम्बन्धी दफाको पाँचौ पंक्तिमा:—"अन्तःकरणले गर्नेछु र भय या पक्षपात" भन्ने हुनुपर्नेमा भूलले "अन्तःकरणले गर्नेछु र भएमा पक्षपात" भनी प्रकाशित हुन गएको हुनाले यथि लेखिएबमोजिम सच्याई पढ्नुहोला ।

आज्ञाले—

तिलकशमशेर,

सेक्रेटरी—कानूनमन्त्रालय.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।